बैठक नं ११४

**आज मिति २०८२ चैत महिनाको १६ गते नेपाल सम्वत ११४६ चौलाथ्व द्धादशी सोमबारको विहान ११ बजे पालुङ्टार नगरपालिकाका नगर प्रमुख श्री बिवस चिन्तनज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकमा निम्न व्यक्तिहरुको उपस्थितिमा निम्न निर्णय भई सम्पन्न भयो ।**

| सि.नं. | नाम थर | पद | वडा नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | विवस चिन्तन | नगर प्रमुख | पालुङटार ४ गोरखा | |
| २ | बन्दना पाण्डे | उप प्रमुख | पालुङटार ६ गोरखा | |
| ३ | कृष्ण बहादुर परियार | वडा अध्यक्ष | पालुङटार १ गोरखा | |
| ४ | कृष्ण बहादुर थापा मगर | वडा अध्यक्ष | पालुङटार २ गोरखा | |
| ५ | रबिन्द अधिकारी | वडा अध्यक्ष | पालुङटार ३ गोरखा | |
| ६ | मान बहादुर पौडेल | वडा अध्यक्ष | पालुङटार ४ गोरखा | |
| ७ | दीपक पाण्डे | वडा अध्यक्ष | पालुङटार ५ गोरखा | |
| ८ | चेत बहादुर गुरुङ | वडा अध्यक्ष | पालुङटार ६ गोरखा | |
| ९ | अर्जुन बहादुर कुमाल | वडा अध्यक्ष | पालुङटार ७ गोरखा | |
| १० | होप बहादुर नेपाली | वडा अध्यक्ष | पालुङटार ८ गोरखा | |

| | | | | |
|---|---|---|---|---|
| ११ | भेज राज पाण्डे | वडा अध्यक्ष | पालुङटार ९ गोरखा | |
| १२ | रिखिराज धौराली | वडा अध्यक्ष | पालुङटार १० गोरखा | |
| १३ | मनिका अधिकारी लिम्बु | कार्यपालिका सदस्य | पालुङटार २ गोरखा | |
| १४ | पार्वती नेपाली | कार्यपालिका सदस्य | पालुङटार २ गोरखा | |
| १५ | मिना सुनार | कार्यपालिका सदस्य | पालुङटार ४ गोरखा | |
| १६ | हर्क बहादुर नेपाली | कार्यपालिका सदस्य | पालुङटार ५ गोरखा | |
| १७ | पम्फा वि.क. सुनार | कार्यपालिका सदस्य | पालुङटार ७ गोरखा | |
| १८ | अर्जुन वि.क. | कार्यपालिका सदस्य | पालुङटार ८ गोरखा | |
| १९ | मिन माया लामा | कार्यपालिका सदस्य | पालुङटार ९ गोरखा | |
| २० | देवि माया योगी | कार्यपालिका सदस्य | पालुङटार १० गोरखा | |
| २१ | शेर बहादुर वि.सी | सदस्य सचिव | | |

**कर्मचारीहरु**

| | | | | |
|---|---|---|---|---|
| १ | धनेन्द्र श्रेष्ठ | योजना शाखा | | |
| २ | राम जनम चौधरी | योजना | कैलारी गा/पा ३, कैलाली | |

पालुङटार नगरपालिका, नगर कार्यपालिकाको बैठकको निर्णयहरु

बैठक नं- ११४ मितिः २०८२-१२-१६

| क्र.स | प्रस्ताव | निर्णय |
|---|---|---|
| १ | अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्वन्धमा । | यस नगरपालिका नगर कार्यपालिकाको ११३ औं बैठकमा छलफल भई भएको निर्णयहरुको कार्यान्वयन सम्वन्धमा छलफल भयो। साथै सो बैठक देखि हाल सम्म नगरपालिका/ वडा कार्यालयबाट भएको कार्यहरुको समिक्षा गरियो। |
| २ | अनुगमन समितिको प्रतिवेदनमा छलफल र पारित गर्ने सम्वन्धमा। | यस नगरपालिकामा योजना तथा कार्यक्रम कार्यान्वयनको अनुगमन गर्न गठन भएको अनुगमन समितिले हाल सम्म कार्यान्वयन भई रहेको तथा सम्पन्न भएको योजनाको अनुगमन गरि तयार पारेको प्रतिवेदन समितिको संयोजक उपप्रमुख बन्दना पाण्डेबाट पेश भई पारित गर्ने निर्णय गरियो। |
| ३ | प्रदेश समपुरक र विशेष योजना माग गर्ने सम्वन्धमा। | गण्डकी प्रदेश सरकारको प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ बमोजिम गण्डकी प्रदेश सरकारद्धारा स्थानीय तहलाई प्रदान गरिने वित्तीय हस्नतान्तरण अन्तर्गत आगामी आर्थिक बर्ष २०८३/८४ को लागि यस पालुङटार नगरपालिकाको विशेष र समपुरक अनुदान अन्तर्गतको तपसिलको आयोजनाहरु माग गर्ने निर्णय गरियो।<br>विशेष योजना तर्फ<br>१. बालमैत्री स्थानीय शासन कार्यक्रम<br>२. आत्महत्या न्युनिकरण मनोपरामर्श (ध्यान योग केन्द्र विकास र कार्यक्रम संचालन)<br>३. दलित नमुना बस्ति विकास<br>समपुरक योजना तर्फ<br>१. खोल्लीगाँउ-लिगलिगकोट सडक स्तरोन्नती<br>२. चेपेघाट लिगलिगकोट तातोपानी कोटगढी लकाङकाली पदमार्ग<br>३. तालपोखरी पर्यटकिय पुर्वाधार निर्माण। |
| ४ | चिस्यानकेन्द्र संचालन सम्वन्धमा। | प्रस्तुत विषयमा यस नगरपालिका वडा नं ९ मा निर्माण सम्पन्न भएको चिस्यानकेन्द्र संचालन गर्न संचालक छनोटका लागि दर निर्धारण गर्ने प्रयोजनार्थ गठन भएको अध्यायन समितिले पेश गरेको प्रतिवेदन बमोजिम न्युनतम भाडा रकम रु ३०००००।– अक्षरुपी तिन लाख मात्र बार्षिक भाडा दर निर्धारण गर्न |

पालुङटार नगरपालिका नगर कार्यपालिकाको कार्यालय पालुङटार, गोरखा गण्डकी प्रदेश, नेपाल २०७३

शेर बहादुर बि.सी
प्रमुख प्रशासकीय अधिकृत

विवस विन्दाल
नगर प्रमुख

| | | |
|---|---|---|
| | | सिफारिस गरेकोले उक्त प्रतिवेदन बमोजिम प्रचलित कानूनको अधिनमा रहि कार्य गर्ने सम्वन्धित शाखालाई निर्देशन दिने निर्णय गरियो। |
| ५ | गत आ.वको भुक्तानी बाँकी योजनाको रकम भुक्तानी सम्वन्धमा। | पालुङटार नगरपालिका, नगर सभाको १८ औ अधिवेशनले ठेक्का प्रकृयाबाट बच्न आएको रकम चालु/गत आ.वमा भुक्तानी दिन बाँकी योजनाहरुकोलाई भुक्तानी दिने निर्णय गरिएकोमा गत आ.वको योजनाहरु आयुर्वेद चोक - बाहपिर्के चोक-पाण्डे गाँउ चारकुने चोक सडक **(Project Code: PMUN/NCB/WORKS/2081/082-07)** योजना तथा कृष्ण मन्दिर माझाटार धारापानी सडक योजना **(Project Code: PMUN/NCB/WORKS /2081/082-09)**आयोजनाको काम सम्पन्न गरि भक्तानी माग भएकोले लुइँटेल ओप्री कालामाटा सडक खण्डका लागि विनियोजन भएको रकमबाट बाँकी हुन आएको रकम मध्ये ६०,९५,४३९.५। (अक्षरुपी साठी लाख पंचानव्ये हजार चार सय उनन्चालिस रुपयाँ पचास पैसामात्र) भुक्तानी दिने निर्णय गरियो। |
| ६ | सूचना प्रविधि अधिकृतको तह मिलान गर्ने सम्वन्धमा। | प्रस्तुत विषयमा प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम अन्तर्गत यस पालुङटार नगरपालिकामा अधिकृत स्तर छैटौंको सूचना प्रविधि अधिकृतलाई स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धी कार्यविधि-२०८२ को दफा ६ (१) बमोजिम खर्च शि.न. २२४१३ खर्च शिर्षक विवरण करार सेवा शुल्कबाट खर्च व्यहोर्ने गरी मिति २०८३ बैशाख १ बाट लागू हुने गरी अधिकृत स्तर सातौ तहमा तहमिलान गर्ने सम्झौता गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो। |
| ७ | स्वास्थ्य संस्था सञ्चालन मापदण्ड तषार पार्नका लागि सैद्धान्तिक सहमति दिने सम्वन्धमा। | प्रस्तुत विषयमा यस नगरपालिकाको जनस्वास्थ सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन-२०८२ को परिच्छेद ३ स्वास्थ्य सेवा प्रणाली र व्यवस्थापन सम्वन्धी व्यवस्था अन्तर्गत दफा ९, १० र ११ लाई व्यवस्थित गर्न आवश्यक पर्ने स्वास्थ्य संस्था सञ्चालनका लागि मापदण्ड तयार पार्न आवश्यक देखिएकोले सो तयार पार्नका लागि सम्वन्धी शाखा, समिति र विधायन समितिलाई अनुमति दिने निर्णय गरियो। |
| ८ | स्वास्थ्य शिविर सञ्चालन मापदण्ड तयार पार्न सैद्धान्तिक सहमति दिने सम्वन्धमा। | यस नगरपालिका नगर कार्यपालिकाबाट पारित भएको स्वास्थ्य शिविर कार्यक्रम सञ्चालन कार्यविधि-२०८० को केही दफाहरु संसोधनको आवश्यकता देखिएकोले सोको मस्यौदा तयार पार्न सम्वन्धित शाखा, समिति र विधायन समितिलाई अनुमती दिने निर्णय गरियो। |
| ९ | औषधि खरिद प्रकृया बढाउने सम्वन्धमा। | प्रस्तुत विषयमा यस नगरपालिका अन्तर्गत स्वास्थ्य चौकीबाट वितरण हुने औषधिहरुको खरिद प्रकृया पुरा गरि खरिद कार्य सम्पन्न भएकोमा घटीघटाउ प्रकृयाबाट बाँकी रहन गएको रकमबाट नगरपालिकालाई आवश्यक पर्ने अपुग औषधिहरु पुनः औषधि खरिद गर्ने निर्णय गरियो। यसरी खरिद कार्य गर्दा यस पुर्व खरिद कार्य सम्पन्न गरिएको पक्षसँग भएको सम्झौता अनुसारको दररेटमा |

पालुङटार नगरपालिका नगर कार्यपालिकाको कार्यालय पालुङटार, गोरखा गण्डकी प्रदेश, नेपाल २०७३

शेर बहादुर बि.सी
प्रमुख प्रशासकीय अधिकृत

विरस थिताल
नगर प्रमुख

| | | |
|---|---|---|
| | | खरिद प्रक्रिया अगाडि बढाउने गरी जनस्वास्थ्य शाखालाई निर्देशन दिने निर्णय गरियो । |
| १० | अध्ययन विदा स्वीकृत गर्ने सम्बन्धमा । | प्रस्तुत विषयमा यस नगरपालिकाको स्वास्थ्य शाखामा कार्यरत जनस्वास्थ्य अधिकृत सातौं तहमा कार्यरत सृजना पोखरेलले Master of Public Health अध्ययन गर्नका लागि स्थानीय सेवा गठन तथा सञ्चालन नियमावली २०८० को नियम १११ बमोजिम अध्ययन विदा स्वीकृत गर्ने निर्णय गरियो । |
| ११ | सामाजिक सुरक्षा कोष सञ्चालन कार्यविधि पारित गर्न सम्वन्धमा । | नेपाल सरकारको निर्देशन बमोजिम यस नगरपालिकामा कार्यरत करार कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्नका लागि बनेको कोष सञ्चालन कार्यविधि थप छलफलका लागि विधायन समितिमा पठाउने निर्णय गरियो । |
| १२ | ईन्जिनियरिङ प्राविधिकलाई जोखिम भत्ता उपलब्ध गराउने सम्वन्धी कार्यविधि पारित गर्ने सम्वन्धमा । | प्रस्तुत विषयमा यस नगरपालिकामा कार्यरत ईन्जिनियरिङ प्राविधिकहरु जोखिम भत्ता उपलब्ध गराउन बनेको कार्यविधि मिति २०८३ बैशाखबाट लागू गराउने गरि पारित गर्ने निर्णय गरियो । |
| १३ | सडक सिमा भित्रको रुख कटान गर्न अनुमति दिने सम्वन्धमा । | प्रस्तुत विषयमा ग्रामिण सडक सञ्जाल सुधार आयोजना कार्यालय मार्फत यस नगरपालिकाको वडा नं ६ पौवाटार हुदै पा.न.पा-९ सेरा जोड्ने सडक खण्ड निर्माणका लागि ठेक्का सम्झौता भई योजना कार्यान्वयनको चरणमा रहेकोमा उक्त आयोजनको सार्वजनिक जग्गामा पर्ने रुख कटान गर्नु पर्ने देखिएकोले सो हटाउन आवश्यक निर्णयका लागि निवेदन पेश भए बमोजिम उक्त स्थानमा पर्ने रुखहरु कटान गर्न वन नियमावली २०७९ को नियम ८५ बमोजिम जिल्ला वन कार्यालय, गोरखालाई सिफारीस गर्ने निर्णय गरियो । |
| १४ | जीविकोपार्जन सहयोग कार्यक्रम सञ्चालन कार्यविधि,२०८२ पारित गर्ने सम्वन्धमा । | प्रस्तुत विषयमा यस नगरपालिकाका नगरबासी महिला अपाङ्ग वेपत्ता व्यक्तिको परिवार तथा सहिद परिवारलाई जीविकोपार्जनका लागि सिप विकास तालिम लगायतका क्षमता विकास कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने कार्यविधि पारित गर्ने निर्णय गरियो । |
| १५ | जग्गा बर्गिकरणमा छुट भएको जग्गा सम्वन्धमा । | प्रस्तुत विषयमा गोरखा जिल्ला साविक च्याङ्ली गा.वि.स वडा नं ९ हाल पालुङटार नगरपालिका वडा नं ७ निवासी श्री खुद माया श्रेष्ठको नाममा एकल दर्ता कायम रहेको कित्त नं ७२५ क्षेत्रफल ४-१४-३-३ को जग्गामा नगरपालिकाको जग्गा वर्गिकरण गर्दा उक्त कित्ता र क्षेत्रफल भएको जग्गा फरक व्यक्तिको नाममा देखिन गएको हुदाँ उक्त नामथर हटाई सम्वन्धित कार्यालयलाई सिफारीस गर्ने निर्णय गरियो । |
| १५ | प्राङ्ग्रारिक मल खरिद तथा वितरण कार्यक्रम सञ्चालन कार्यविधि -२०८२ पारित गर्ने सम्वन्धमा । | प्रस्तुत विषयमा प्राङ्गारिक मलको प्रयोगलाई प्रोप्साहन गर्न सोको उत्पादन, खरिद तथा वितरण कार्यलाई व्यवस्थित तुल्याउन आवश्यक पर्ने कार्यविधि पारित गर्ने निर्णय गरियो । |
| १६ | खाद्यान्न बालीको विउ उत्पादन सहयोग कार्यक्रमको लक्षित समुह छनोट गर्ने सम्वन्धमा । | प्रस्तुत विषयमा नगरपालिकाको खाद्यान्नको विउमा आत्मनिर्भर सुदृढ गरि परनिर्भरता कम गर्न यस नगरपालिका अन्तर्गत विउ उत्पादन कार्य गर्दै आएको भृकुटि विउ उत्पादक किसान समुह पा.न.पा-४ र लक्ष्मी बहुउद्देश्यीय कृषक |

पालुङटार नगरपालिका नगर कार्यपालिकाको कार्यालय पालुङटार, गोरखा गण्डकी प्रदेश, नेपाल २०७३

शेर बहादुर बि.सी
प्रमुख प्रशासकीय अधिकृत

विवस दिल्तन
नगर प्रमुख

| | | |
|---|---|---|
| | | समुह पा.न.पा-६ लाई खाद्यान्न बालीको विउ पुँजी सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ बमोजिम कार्यविधिको सर्तमा रहि अनुदान रकम उपलब्ध गराउने निर्णय गरियो । |
| १७ | अपाङ्गता भएको व्यक्तिलाई आवास निर्माण खर्च उपलब्ध गराउने सम्वन्धमा। | प्रस्तुत विषयमा यस नगरपालिका वडा नं ४ निवासी दुवै श्रीमान् श्रीमती नै अपाङ्ग भएको तथा निजको आर्थिक अवस्था समेत कमजोर रहेकोले निजलाई आवस निर्माणका लागि जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि-२०८२ को दफा ३ (ग) बमोजिमको लाभग्राहीलाई दफा ७ (२) बमोजिम आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो । चालु आर्थिक वर्षको जनता आवास कार्यक्रम शिर्षकमा विनियोजन भएको योजना शिर्षकबाट आवस निर्माणमा खर्च गर्ने निर्णय गरियो । |
| १८ | तिन पाङ्ग्रे सवारी साधनको रुट अनुमति दिने सम्वन्धमा । | प्रस्तुत विषयमा यस नगरपालिकामा सञ्चालन भई रहेको तीन पाङ्गे सवारी साधन सञ्चालनका लागि यस कार्यालयमा निवेदन पेश गर्नु हुने तपसिलका व्यक्तिहरुलाई सञ्चालनको अनुमति दिने निर्णय गरियो ।<br>१. हरि बहादुर वि.क पा.न.पा -४<br>२. सन्जिव श्रेष्ठ पा.न.पा-४<br>३. रञ्जु कुमाल पा.न.पा-४ |
| १९ | भुमि समस्या समाधान शाखाको व्यवस्थापन गर्ने सम्वन्धमा । | प्रस्तुत विषयमा भूमि समस्या समाधान आयोगको काम कार्वाहीलाई सहजिकरण गर्ने नगरपालिकाको तर्फबाट गर्ने पर्ने आवश्यक कार्यहरु सम्पन्न गर्ने तथा सोका लागि आवश्यक पर्ने बजेट व्यवस्थापन गर्ने निर्णय गरियो । |
| २० | बजारीकरणका लागि संरचना निर्माण गर्ने सम्बन्धमा । | प्रस्तुत विषयमा नेपाल सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत स्थानीय उत्पादनको बजारीकरण सहयोग कार्यक्रम शिर्षकमा प्राप्त रकमबाट नगर कार्यपालिकाको कार्यालय परिसरको उपयुक्त स्थानमा उत्पादित खाद्य पदार्थ भण्डारण र बजारीकरणलाई सहयोग हुने गरि संरचना निर्माण गर्ने निर्णय गरियो । |
| २१ | सामुदायिक विद्यालयमा अध्ययन गराउन अनुरोध गर्ने सम्वन्धमा । | प्रस्तुत विषयमा यस नगरपालिका अन्तर्गतको सामुदायिक विद्यालयको शैक्षिक सुधार गर्दै शैक्षिक गुणस्तर वृद्धि गर्न साथै सामुदायिक विद्यालयलाई सबै क्षेत्रको नागरिकमा विश्वास अभिवृद्धि गर्न यस नगरपालिका अन्तर्गतका सम्पुर्ण जनप्रतिनिधि, कर्मचारी र सामुदायिक विद्यालयका तथा कर्मचारीहरु सन्ततीहरुलाई सामुदायिक विद्यालयमा पढाउनको लागि अनुरोध गर्ने निर्णय गरियो । |
| २१ | विविध | पालुङटार नगरपालिकाको दोस्रो आवधिक योजना तर्जुमा गरि सम्झौता बमोजिम पुस्तक समेत नगरपालिकामा उपलब्ध गराएकोले निजलाई भुक्तानी दिनु पर्ने बाँकी रकम भुक्तानी दिने निर्णय गरियो । |

पालुङटार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पालुङटार, गोरखा
गण्डकी प्रदेश, नेपाल
२०७३

शेर बहादुर बि.सी
प्रमुख प्रशासकीय अधिकृत

दिवस दिवाल
नगर प्रमुख